# केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६

**प्रस्तावना** : प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐन संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६" रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश नं. ७ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा संशोधन** : प्रदेश नं. ७ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) लामो शिर्षकमा रहेको "प्रदेश नं. ७" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम प्रदेश" भन्ने शब्द राखिएको छ ।

(२) प्रस्तावना खण्डमा रहेको "प्रदेश नं. ७" को सट्टा "सुदूरपश्चिम प्रदेश" भन्ने शब्दहरु राखिएको छ ।

(३) दफा १ को उपदफा (१) मा रहेको "प्रदेश नं. ७" को सट्टा "सुदूरपश्चिम प्रदेश" भन्ने शब्दहरु राखिएको छ ।

३. **विनियोजन ऐन, २०७५ मा संशोधन** : विनियोजन ऐन, २०७५ को,-

(१) लामो शिर्षकमा रहेको "प्रदेश नं. ७" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम प्रदेश" भन्ने शब्द राखिएको छ ।

(२) प्रस्तावना खण्डमा रहेको "प्रदेश नं. ७" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम प्रदेश" भन्ने शब्दहरु राखिएको छ ।

४. **सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) ऐन, २०७५ मा संशोधन** : सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) ऐन, २०७५ को,-

(१) प्रस्तावना खण्डमा रहेको "प्रदेश नं. ७" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम प्रदेश" भन्ने शब्दहरु राखिएको छ ।

(२) दफा २ को (ग) मा रहेको "प्रदेश नं. ७" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम प्रदेशलाई" भन्ने शब्दहरु राखिएको छ ।

प्रदेश सभा
सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली
नेपाल